# सोरु गाउँपालिका द्धारा प्रकाशित

## स्थानीय राजपत्र

## भाग २

## खण्ड ७ संख्या १ मिति २०८०।१२।२७

### नक्सा पास प्रक्रियामा नआई पहिले नै बनेका घरहरुको घर नक्सा अभिलेखीकरण

### सम्बन्धी मापदण्ड / कार्यबिधि -२०८०

प्रस्तावनाः

घर नक्सापास सम्बन्धी प्रक्रियामा नआएका ,प्रक्रियामा आई संरचनामा हेरफेर भएका तथा गाउँपालिका हुनु पूर्व नै निर्माण भएका भवनहरुलाई नियमन गर्न घर नक्सा अभिलेखीकरण तथा नयाँ बन्ने घर भवनहरु को नक्शा पास गर्नको लागि वान्छनिय भएकोले सोरु गाउँ कार्यपालिकाको मिति २०८०।९।१ गतेको बैठकबाट यो मापदण्ड/कार्यविधि स्वीकृत गरी लागु गरिएको छ।

१.संक्षिप्त नाम र प्रारम्भः यस कार्यविधिको नाम "नक्सा पास प्रक्रियामा नआई पहिले नै बनेका घरहरुको घर नक्सा अभिलेखीकरण सम्बन्धि मापदण्ड/कार्यबिधि -२०८० रहने छ।

यो कार्यविधि गाउँ कार्यपालिकाले तोकेको अवधीमा लागू हुनेछ।

२.परिभाषाः विषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस कार्यविधिमा

(क) "ऐन" भन्नाले "स्थानिय सरकार संचालन ऐन २०७४" भन्ने बुझाउछ।

(ख) "मापदण्ड" भन्नाले "शहरी योजना तथा भवन निर्माण सम्बन्धि मापदण्ड (पहिलो संसोधन) २०७२" भन्ने बुझाउँछ।यसले भवन सम्बन्धी अन्य मापदण्ड पनि बुझाउछ।

(ग) "गाउँपालिका" भन्नाले सोरु गाउपालिका भन्ने बुझाउछ।

(घ) "घर अभिलेखीकरण" भन्नाले घर नक्सा पासको प्रक्रियामा नआई पहिले नै बनिसकेका घरहरुको गाउँपालिकामा अभिलेख राख्ने तथा नियमित गर्ने प्रक्रियालाई बुझाउछ।

(ङ) "अभिलेखिकरण प्रयोजनको नक्सापास" भन्नाले घर नक्सा पासको प्रक्रियामा नआई पहिले नै बनिसकेका घरहरु गाउपालिकामा अभिलेखिकरण गर्न आर्किटेक्चरल नक्सालाई प्रमुख प्रसाशकिय अधिकृतबाट प्रमाणित गरी प्रमाण पत्र प्रदान गर्ने भन्ने बुझाउछ यसले नक्सा पास भई निर्माण इजाजत दिईएको भन्ने बुझाउने छैन।

(च) "नक्सा पास" भन्नाले नयाँ बन्ने घरहरुको आर्किटेक्चरल तथा स्टक्चरल नक्सा तथा डिजाइन सहित प्रमुख प्रशासकीय अधिकृतबाट नक्सा स्वीकृत गरी निर्माण इजाजत दिने प्रक्रियालाई जनाउनेछ।

(ज) "प्राविधिक" भन्नाले सोरु गाउँपालिकाका प्राविधिक कर्मचारीलाई बुझाउछ।

(झ) "परामर्श दाता इन्जिनियर" भन्नाले मापदण्डले तोके बमोजिम यस गाउँपालिकामा दर्ता भएका निजि परामर्श दाता प्राविधिक भन्ने बुझाउछ।

(ञ) "घर नक्सा दस्तुर" भन्नाले गाउँपालिकाले तोके बमोजिम दस्तुर भन्ने बुझाउछ।

३. निवेदन दिनुपर्ने: घर नक्सा पास तथा निर्माण इजाजत सम्बन्धी प्रक्रियामा नआइ तथा पास भएको नक्सामा स्वीकृत बेगर हेरफेर गरि निर्माण भइ आएका घरलाइ नियमित गरि अभिलेखिकरण गरी पाउ भनी घरधनिले अभिलेखिकरण प्रयोजनको नक्सा पास किताब तोकिय बमोजिमका कागजातहरु इन्जिनियरको प्राविधिक प्रतिवेदन र घरको नक्सासहित अनुसुची १ बमोजिमको निबेदन दिनु पर्नेछ। उक्त किताब तोकिएको दस्तुर तिरि गाउँपालिकाबमाट प्राप्त गर्न सकिनेछ।

४. सुचना जारी गर्ने: गाउँपालिकाको घर नक्सा शाखाले बुँदा ३ बमोजिमको निवेदन रित पुर्वकको भए नभएकोल जाँची दर्ता गर्ने र १५ दिने सन्धि सर्पन बारेको संधियारलाइ सुचना अनुसुचि २ बमोजिम गाउपालिकाले जारी गर्ने।त्यस सुचना बुझेको भरपाइ तथा सुचना टाँस मुचुल्का अनुसुची ३ बमोजिम गराउने।

५. सर्जमिन तथा प्राविधिक प्रतिवेदन

(क) बुँदा नं ४ बमोजिमको सुचनामा कसैको उजुरी नपरेमा उक्त म्याद सकिएको ७ दिन भित्र गाउँपालिकाले अमिन खटाइ अनुसची ४ बमोजिमको सर्जमिन मुचुल्का उठाउने ।उजुरी परेमा छानवीन गरेर मात्र प्राविधिक प्रतिवेदन तयार गर्ने

(ख )घर बनेको जग्गाको प्राविधिक प्रतिवेदन अनुसुची ५ बमोजिम तयार गर्ने।

६. फिल्ड निरिक्षण तथा प्राविधिक प्रतिवेदन (क) घर नक्सा शाखाका प्राविधिकले सो घरको निरिक्षण गरी अनुसुची ६ बमोजिमको प्रतिवेदन पेश गर्ने।



प्रमुख प्रशासकीय अधिकृत

सोरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिम्ला, मुगु

(ख )पेश भएको नक्सा बमोजिम घर भए नभएको यकिन गरी नभएमा घर धनिलाइ घर बमाजिम कै नक्सा तयार गर्न लगाउने।

७. घर नक्सा पास गरि अभिलेखिकरण प्रमाण पत्र प्रदान गर्ने: वुंदाँ ५२६ का आधारमा निम्न बमोजिम गर्ने:

(क) सो घर सडक अधिकार तथा सेटब्याग भित्र नपरेको एवं घरको न्युनतम मापदण्ड पुरा भएको भए तोकिए बमोजिमको घर नक्सा पास दस्तुर तथा जरिमाना लिई पहिले नै बनेका घरको अभिलेख एवं नियमनका लागी जारी गरीएको भन्ने उल्लेख गरी र घर धनिबाट सो घरको मापदण्ड पालना सम्बन्धमा स्वघोषणा गराई अभिलेखीकरण प्रयोजनको नक्सा पास गरी अनुसुचि ७ बमोजिमको प्रमाण पत्र प्रदान गर्ने।

(ख) सो घर सडक अधिकार तथा सेट ब्याक भित्र परेमा न्युनतम मापदण्ड पुरा नभएको पाइएमा मापदण्ड भित्र मात्र पर्ने भाग घर नक्सामा नै छुट्टाइ सो भागको मात्र घर नक्सा पास दस्तुर तथा जरिवाना लिइ बाकी भागलाइ नक्सा प्रमाणित गर्न नमिल्ने(non possible)भन्ने जनाइ मापदण्ड भित्र नपरेको घरको भाग आवश्यक परेको अवस्थामा हटाउने मन्जुरिनामा प्रमाण प्रत्रमा नै गराइ पहिले नै बनेको घरको अभिलेख एवम नियमनका लागी जारी गरीएको भन्ने उल्लेख गरी र घरधनि बाट सो घरको मापदण्ड पालना सम्वन्धमा स्वघोषणा गराइ अभिलेखिकरण प्रयोजनको नक्सा पास गरी अनुसुची ८ बमोजिमको प्रमाण पत्र प्रदान गर्ने।

(ग) घर नक्सा प्रमाणित वा पास सहितको अभिलेखिकरण आवश्यक पर्ने घर धनीहरु सबैले यही कार्यविधि बमोजिम मात्र प्रमाण पत्र एवम घर अभिलेखिकरण प्रयोजनको नक्सा पास प्राप्त गर्न सक्नेछन।घर नक्सा आवश्यक नपरी घर अभिलेखिकरण प्रमाण पत्र मात्र आवश्क पर्ने घर अस्थाई प्रकृतिका घर तथा टहरा हरुले नियामनुसार अनुसुची ८ बमोजिमको प्रमाण पत्र मात्र प्राप्त गर्न सक्नेछन।घर नक्सा आवश्यक नपरी घर अभिलेखीकरण प्रमाण पत्र मात्र आवश्यक पर्ने घर अस्थायी प्रकृतिका घर तथा टहरा हरुले नियमानुसार अनुसूची ८ बमोजिमको प्रमाण पत्र मात्र प्राप्त गर्न सक्ने छन्।

८. स्पष्टिकरण:(क) यस कार्यविधि अन्तर्गत प्रदान गरिएका घर अभिलेखीकरण प्रयोजनको नक्सा पाप्त तथा प्रमाण पत्रहरुको सो भवनघर नक्सा पासको प्रक्रियामा नआई पहिले नै बनिसकेका घरहरुको गाउँपालिकामा अभिलेख राख्ने तथा नियमित गर्ने प्रयोजनका लागि भएको भन्ने बुझाउने छ। यसले नक्सा पास भएको वा निर्माण इजाजत दिइएको भन्ने कुनै पनि किसिममा बुझाउने छैन। नक्सा पासको प्रक्रियामा नआई पहिले नै बनिसकेका घरहरु वा स्वीकृत नक्सा भन्दा अलग किसिमले बनिसकेको घरहरुकोकुनै भाग मापदण्ड भित्र नपरेको ठहरिन गएमा सो सम्बन्धमा कानून बमोजिम हुनेछ। त्यस उपर गाउँपालिकामा कुनै किसिमका उजुर वाजुर लाग्ने वा गाउँपालिकाले ती उजुरी सम्बन्धमा कनै कारवाही गर्ने छैन।

(ख )अब निर्माण हुने कुनै पनि घर तथा भवनहरु अनिवार्य रुपमा नक्सा पास गराएर र निर्माण इजाजत लिएर मात्र निर्माण गर्नु पर्नेछ । अन्यथा तोकिए बमोजिम जरिवाना लाग्ने तथा कानून बमोजिम कारवाही हुनेछ । स्वीकृत नक्सा विपरित घर निर्माण गरेमा समेत तोकिए बमोजिम जरिवाना लाग्ने तथा कानून बमोजिम कारवाही हुनेछ ।

(ग) यस कार्यविधि अन्तर्गतको घर अभिलेखीकरण प्रक्रिया सम्बन्धमा कुनै गुनासो भए नियमानुसार उजुरी गर्न सकिनेछ । यस कार्यविधि अन्तर्गत प्रमाण पत्र लिदाँ कुनै गलत जानकारी वा कागजात पेश गरेको ठहर भएमा सो अभिलेखीकरण प्रयोजनको नक्सा पास तथा प्रमाण पत्र स्वतः खारेज हुनेछ ।

९ .घर जग्गा अभिलेखीकरण नहुने अवस्था

(क )ऐलानी, सार्वजनिक जग्गामा बनेका भवन तथा घरहरु

(ख) सडक, खोला, कुलो, बन क्षेत्र र मापदण्ड विपरीत बनेका भवन तथा घरहरु

१०. नयाँ बन्ने घर नक्शा अभिलेखीकरणका लागि सडक नदी अधिकार क्षेत्र

(क )नयाँ बन्ने भवनहरु भवन संहिता २०७२ अनुसार हुनु पर्ने

(ख) भवन निर्माणको लागि जग्गाको क्षेत्रफल न्युनतम ५० वर्गमीटर हुनु पर्ने

(ग) गमगढी, भिई, तारापानी, थैन, जवलधारा ,गुल्म र भुई मेला ,गुल्म, लिब्रु जोड्ने सडकको दायाँ वायाँ ४ मिटर छोडी घर बनाउनु पर्ने छ।

(घ) मुगु कर्णाली हुम्ला कर्णाली र अन्य खोला( तारापानी, कालीकोट ,कच्चे खोला ,लिब्रु खोला, सीप ,नेर, गुल्म, सीड्री गाड, दई खोला, कुलाह जिमा खोला, थैन खोला र गोठी खोला) तथा खोल्सीहरुमा गाउँपालिकाले तोकेको परिमाणमा जग्गा छोडी घर बनाउनु पर्नेछ।

९ अवधि र बचाउः क यो कार्यविधि अन्तर्गतको प्रक्रियामा आउन कार्यपालिकाले ताकेको अन्तिम मिति भित्र रीतपूर्वकको निवेदन दर्ता भईसकेको हुनु पर्नेछ ।

ख हाल सम्म यस गाउँपालिकाबाट पहिले नै बनेका घर । पुराना घर (existing building)भनेर प्रदान गरिएका निर्माण सम्पन्न प्रमाणपत्रहरु अभिलेखीकरण कार्यविधि बमोजिम प्रदान गरिएको मानिनेछ ।

आज्ञाले
तीर्थराज शाही

प्रमुख प्रशासकिय अधिकृत

सोरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिमा, मुगु

अनुसूची १

(बुदाँ नं ३ .१ संग सम्वन्धित)

मिति:

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू

सोरु गाउँपालिका जिमा मुगु।

विषयः पुरानो घरको अभिलेखीकरण प्रयोजनको घर नक्सा पास वारे।

प्रस्तुत विषयमा मेरो हाम्रो नाममा रहेको हाल सोरु गाउँपालिका वडा नं............ साविक................................. गा.वि.सको कित्ता नं............. र क्षेत्रफल............................... भएको जगगामा बनेको जम्मा क्षेत्रफल (घरको) ......................वर्गफुट भएको............तले आवासीय। व्यापारिक प्रयोजनको घर नक्सा पास प्रक्रियामा नआई। पास भएको नक्सामा फेरबदल भई निर्माण सम्पन्न भइसकेकाले नियमानुसार अभिलेखीकरण प्रयोजनको नक्सा पास सहितको प्रमाणपत्र प्रदान गरिदिनुहरन आवश्यक सबै कागजात सहित निवेदन गर्दछु। गर्दछौ।

निवेदक। निवेदकहरु

नाम:

वडा नं....................................

सम्पर्क नं....................................

...............
प्रमुख प्रशासकिय अधिकृत

सोरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिमा, मुगु

अनुसूची २
(बुदाँ नं ४.१ संग सम्वन्धित)

# सोरु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### जिमा,मुगु
कर्णाली प्रदेश नेपाल

प.स.
च.न.

मितिः...............................

संधीयारको नाममा १५ दिने सूचना

सोरु गाउँपालिका वडा नं.........बस्ने श्री.............................................................. ले सोरु गाउँपालिका वडा नं.............को साविक.........................................गा.वि.स. वडा नं. ............कित्ता नं..............................क्षेत्रफल................................को

पूर्वः उतर

पश्चिमः दक्षिण

यति चार किल्लाभित्रको जग्गामा तपसीलमा उल्लेख भए बमोजिमको पहिले नै निर्माण भएको घरको घर नक्सा पास सहितको अभिलेखीकरण प्रमाण पत्र पाउं भनि मिति............................................................ मा निवेदन दिनुभएकोले सो बनेको घरको साँध संधीयार कोही कसैलाई पिरमर्का परेको भए आफूलाई मर्का परेको सबै विविरण खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस गाउँपालिका कार्यालयमा उजुरी गर्नुहुन स्थानीय सरकार सञ्चालन ऐन बमोजिम यो सूचना प्रकाशित गरिएको छ। म्यादभित्र पर्न भआएमा उजुरी प्रति कुनै कारवाही गरिने छैन।

तपसील

१ घरको संरचनाको किसिमः ............................................... २ लम्बाईः....................................................

३ चौडाईः .............................. ४ भुँइ तलाको क्षेत्रफलः...............................

५ क्षेत्रफलः ............................ ६ तला संख्याः ............................................

घर नक्शा शाखा

प्रमुख प्रशासकिय अधिकृत

..............
प्रमुख प्रशासकिय अधिकृत

अनुसूची ३
बुदाँ नं ४(२)

सूचना बुझाएको भरपाई तथा टाँस मुचुल्का बारे

यस गाउँपालिका वडा नं…….. मा अवस्थित कित्ता नं…………….. र क्षेत्रफल……………………………… मा भवन निर्माण गर्ने घरधनी श्री ……………………………………………………………… ले भवन निर्माण भएको घरको अभिलेखीकरण गर्ने प्रयोजनको सिलसिलामा गाउँपालिकाको च.नं. ………………….मिति………………………………………………. गते प्रकाशित १५ दिने सँधि सर्पन बारेको सूचना घरधनीले सँधीयारलाई बुझाई एक प्रति सूचना हामीहरुको रोहवरमा निर्माण स्थलको सबैले देख्ने ठाउँमा टाँस गरको ठिक हो ।

१.पूर्व सँधियारश्री…………………………………………………………………
दस्तखत…………………………………

२. पश्चिम सँधियार श्री……………………………………………………………
दस्तखत………………………………..

३. उत्तर सँधियार श्री………………………………………………………… दस्तखत……………………………..

४. दक्षिण सँधियार श्री……………………………………………………… दस्तखत……………………………….

साक्षीहरुः

१ श्री……………………………………………………….. दस्तखत…………………………..

२ श्री………………………………………………………..दस्तखत…………………………..

३ श्री ……………………………………………………… दस्तखत…………………………

घरधनीः

श्री………………………………………………………………. दस्तखत………………………..

उपर्युक्त सूचना सँधियारहरुलाई बुझाई निर्णय स्थलमा टाँस गरी वडाको जानकारीका लागि १ प्रति सूचना बुझिलिएको हो ।

दस्तखत…………………………. वडा कार्यालयको छाप

नामः श्री………………………………

वडा सचिव

………….. नं वडा कार्यालय

मितिः ………………साल……………..महिना…………..गते

अनुसूची ४

बुदाँ नं ५

पहिले नै बनेको घरको अभिलेखीकरण प्रयोजनको नक्सा पास तथा प्रमाण पत्र लिनका लागि सर्जमिन मुचुल्का

लिखितम् यस सोरु गाउँपालिका वडा नं.......... बस्ने श्री ........................................................... को सोरु गा.पा. वडा नं..........साविक.........................................गा.वि.स. वडा नं.........को कित्ता नं...........................क्षेत्रफल................................ को जग्गामा पहिले नै बनेको घरको अभिलेखीकरण प्रयोजनको नक्सा पास तथा प्रमाणपत्रका निमित्त दस्तखत पेश हुन आएकोमा सो घर बनेको अभिलेखीकरण प्रयोजनकोनक्सा पास तथा प्रमाणपत्र लागि सन्धि सर्पन बारेको १५ दिने सूचना प्रकाशित गर्दा कोही कसैको उजुरी नपरेकोले सर्जमिन मुचुल्का उठाउनुपर्ने भएकामा सो घर बनेको जग्गाको साँध सँधियार छ र छिमेकीलाई एक स्थानमा भेला गराई खटिई आउनुभएका डोर मार्फत सोधनी हुँदा तत् सम्बन्धमा व्यहोरा यो छ कि उक्त घर जग्गामा कोही कसैको खिचोला नभएको कोही कसैलाई सन्धि सर्पन पीरमर्का नपर्ने देखिएको हुँदा सो पेश गरेको घर नक्सा पास सहितको अभिलेखीकरण गरी प्रमाणपत्र दिएमा ठिक साँचो हो भनि यस मुचुल्कामा सहीछाँप गरी खटिई आउनु भएका डोर कार्फत सोरु गाउँपालिका कार्यालयमा चढायौं।

सबैको नाम तथा हस्ताक्षर

साक्षीहरु

१. वडा नं.........बस्ने वर्ष.........का श्री.................................................................................. दस्तखत.....................................

२. वडा नं.........बस्ने वर्ष.........का श्री.................................................................................. दस्तखत.....................................

३. वडा नं.........बस्ने वर्ष.........का श्री.................................................................................. दस्तखत .....................................

साँध सँधियार

१.पूर्व तर्फः वर्ष.........का श्री......................................................... दस्तखत.................................

२.पश्चिमतर्फः वर्ष.........का श्री......................................................... दस्तखत.................................

३.उत्तर तर्फः वर्ष.........का श्री......................................................... दस्तखत.................................

४.दक्षिण तर्फः वर्ष.........का श्री......................................................... दस्तखत.................................

रोहवर

वडा नं..................का वडाध्यक्ष/ वडा प्रतिनिधि श्री..........................................दस्तखत.......................................

काम तामेल गर्ने

सोरु गा.पा. का श्री........................................................................................ दस्तखत..........................................

पदः...............................

इति सम्वत् २०............साल...................महिना......................गते रोज...................................शुभम् ।

...........................
प्रमुख प्रशासकिय अधिकृत

अनुसूची ५

बुदाँ नं ५(ख) संग सम्वन्धित

प्राविधिक प्रविदेन

यस गाउँपालिका स्थान................................ वडा नं......................मा अवस्थित कित्ता नं...................... क्षेत्रफल...................मा पहिले नै बनिसकेको घरको घरधनी श्री ........................................... ले घर अभिलेखीकण प्रयोजनको नक्सा पासका लागि पेश गरेको नक्सा सम्बन्धमा मिति......................................... स्थलगत निरीक्षण गरी देहाय बमोजिमको प्रतिवेदन पेश गरेको छु ।

१.भू उपयोग क्षेत्र..........................................

२.निर्माण भएको स्थल सम्म पुग्ने बाटोको अवस्थाः

२.१ बाटोको किसिमः पिच / ग्रावेल /मोटर जाने / कच्ची / अन्य

२.२ बाटोको चौडाईः..................................

२.३ मापदण्ड अनुसारको सडक अधिकार क्षेत्र र साइट प्लान मेल खान्छ / खादैन सो को विवरण

..................................................................................................................................

३.निर्माण भएको भवनले सार्वजनिक स्थल वा निर्माणलाई बाधा पुर्याएको छ / छैन

४ खोला/ खहरे/नदी/ताल/कुलो आदि नजिक भए सो देखि

४.१ भवन निर्माणको जग्गा सम्मको दुरीः.........................

४.२ बनेको भवनको बाहिरी भाग सम्मको दुरीः.......................

५. निर्माण भएको जग्गा वा सोको नजिकबाट हाइटेन्सन लाईन गएको छ / छैन यदि छ भने

५.१ निर्माण भएको जग्गा सम्मको दुरीः.................................

५.२ बनेको भवनको बाहिरी भाग सम्मको दुरी..............................................

६. नापी नक्सा र फिल्डको आकारः मिल्छ / मिल्दैन

७. लालपूर्जा भन्दा फिल्डमा जग्गा ठिक्क / बढी / घटी देखिन्छ ।

८. प्राविधिक अन्य कुरा भए खुलाउने ( भिरालो जग्गा / भौगर्भिक धाँजा फाटेको आदि )

प्रतिवेदन पेश गर्ने प्राविधिकको नामः........................................................

पदः....................................

सहीः..................................

मितिः.................................

फिल्ड नक्साः

सोरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिमा, मुगु

अनुसूची ६

बुदाँ नं ६ क

विषयः अभिलेखीकरण प्रयोजनको लागि घर नक्सा पासका लागि निवेदन आएको घरको घर नक्सा

शाखा फिल्ड प्रतिवेदन

यस गाउँपालिका वडा नं……………………बस्ने श्री ………………………………………………..ले निजको नाममा रहेको साविक………………………गा.वि.स. हाल यस गाउँपालिका वडा नं……..को कित्ता नं………………तथा क्षेत्रफल……………………… भएको जग्गामा बनेको……………….तले घरको यस गाउँपालिका बाट नक्सा पास प्रक्रियामा नआई पहिले नै निर्माण सम्पन्न भएको भनि निजले मिति…………………………………………..मा दर्ता नं………………………… मार्फत निवेदन दिनुभएकोमा मैले मिति……………………………. मा घरको प्राविधिक चेकजाच गर्दा निम्न बमोजिम पाईएको प्रतिवेदन पेश गर्दछु।

१ सडक अधिकार क्षेत्रको चौडाईः………………………..

२ छोड्नु पर्ने सेट ब्याकः………………………..

३ सडक अधिकार पालनाः भएको / नभएको

४ सेट ब्याकः पुगेको / नपुगेको

५ घरको structure system फ्रेम / लोड बियरिङ / अन्य……………………..

६ क्षेत्रफलः

भुई तलाः पहिलो तलाः

दोश्रो तलाः तेश्रो तलाः

७ पेश भएको नक्सा बमोजिम भएको / नभएको

८ भवन सम्बन्धी न्युनतम् मापदण्डहरु पालना भएको / नभएको

९ अन्य केही भए खुलाउने …………………………………………………..

प्रतिवेदन पेश गर्नेको

नामः

पदः

सहीः

मितिः

……………
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ७
बुदाँ नं ७ क संग सम्वन्धित

सोरु गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

जिमा मुगु

कर्णाली प्रदेश नेपाल

सोरु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जिमा, मुगु

प.सं.

च.न.

मितिः

## निर्माण कार्य सम्पन्न प्रमाण-पत्र

प्रमाण-पत्र नं.........

मितिः........................

घर नं............

श्री ............................................................ले सोरु गाउँपालिका वडा नं.................... टोल / ठाउँ............................ मा निम्न बमोजिमको.................................पारित नक्सा र मापदण्ड बमोजिम निर्माण कार्य पूरा गरेकाले यो निर्माण सम्पन्न प्रमाण-पत्र प्रदान गरएको छ ।

१ सम्बन्धित घर तथा जग्गा धनीको नाम,थर र वतनः...............................................................................

२ जग्गाको विवरणः

साविक.......................................गा.वि.स. वडा नं.......हाल सोरु गाउँपालिका वडा नं.......... टोल............................................कित्ता नं..................... क्षेत्रफल...................................................

३ जग्गाको चार किल्लाः

पूर्वमा...................फिट आफ्नो जग्गा पछि कित्ता नं.......................सँधियारको नामः.......................................

पश्चिममा...................फिट आफ्नो जग्गा पछि कित्ता नं.......................सँधियारको नामः.......................................

उत्तरमा...:................फिट आफ्नो जग्गा पछि कित्ता नं.......................सँधियारको नामः.......................................

दक्षिणमा...................फिट आफ्नो जग्गा पछि कित्ता नं.......................सँधियारको नामः.......................................

निर्माण सम्पन्न भएको............तले घरको विवरणः

१ नयाँ घर तला थप पुरानो घर भत्काई नयाँ बनाउने कम्पाउण्ड पर्खाल

२ घरको किसिमः

३ क्षेत्रफल

वेसमेन्ट............................ वर्ग फिट

भुई तलाः.....................................वर्ग फिट ।

पहिलो तलाः.................... वर्ग फिट

दोश्रो तल्ला......................... .........वर्ग फिट ।

तेश्रो तला ............................ वर्ग फिट

चोथो तल्लाः.......................... वर्ग फिट

प्रमुख प्रशासकीय अधिकृत

४ घरको प्लन्थी लम्बाई (सबैभन्दा बढी लम्बाई)................................... चौडाई ( सबैभन्दा बढी चौडाई )

५ घरको प्लन्थीको लम्वाई माथि सबैभन्दा उचाँई ............................................

६ शोचालय संख्या...............................बाथरुम संख्या.............................................

७ सेफ्टी ट्याङ्कीको लम्बाई...........................चौडाई................................. सेफटी छ/ छैन

८ हाल भएको सडकको केन्द्र रेखाबाट छाड्न पर्ने....................................

९ सेडव्याक........................................

१० अन्य केही कुरा भए सो को विवरण

सोरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिमा, मुगु

सव-इन्जिनियर | इन्जिनियर | प्रमुख प्रशासकीय अधिकृत

..............................
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ८

बुदाँ नं ८( ग)

सोरु गाउँपलिका

गाउँ कार्यपालिकाको कार्यालंय

जिमा, मुगु कर्णाली प्रदेश, नेपाल

सोरु गाउँपलिका गाउँ कार्यपालिकाको कार्यालय जिमा, मुगु

प.स.

घर अभिलेखीकरण प्रमाण-पत्र

फाईल नः

मितिः

श्री.......................................................

ठेगाना...............................................

महोदय,

तपाई यस गाउँपालिकाको साविक................................................गा.वि.स. हाल सोरु गाउँपालिका वडा नं..........को कित्ता नं...............ज.वि...................मा पक्की / टिनको छानो भएको.........तले निम्न विवरण बमोजिमको संरचना निर्माण कार्य गाउँपालिका हुनु पूर्व मिति...................................................मा सम्पन्न गर्नु भएकाले यस गाउँपालका मा तपाईको सम्पन्न संरचनाको अभिलेख खडा गरी यो प्रमाण-पत्र दिइएको छ।

...........
प्रमुख प्रशासकीय अधिकृत

14